नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

**पत्र संख्याः २०८३।०८४**

चलानी नं. ९०६०

मितिः २०८३।०६।०२

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

**विषयः आ.व. २०८१/०८२ को स्वमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण पश्चात कायम भएको नतिजा उपर सुधारको दाबीका लागि पठाईएको।**

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ बमोजिमको प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मार्फत गाउँपालिका तथा नगरपालिकाबाट पेश भएको आ.व. २०८१/०८२ को स्वमूल्याङ्कन नतिजाको ऐ. कार्यविधिको दफा ११ बमोजिम मन्त्रालयबाट गुणस्तर परीक्षण सम्पन्न गरी कायम भएको नतिजा सुधारको लागि तत् तत् गाउँपालिका एवं नगरपालिकामा पठाईएको छ। सम्बन्धित उपसूचक अनुसार भएको कार्यसम्पादनको मूल्याङ्कनका लागि पेश भएका कागजात तथा आवश्यक विवरणको आधारमा प्राप्त पठष्ठपोषण उपर सुधारका दाबीहरु भएमा ७ (सात) दिन भित्र प्रणाली मार्फत पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

**पुनश्चः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा जारी प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८३ को अनुसूची २ को क्र. सं. १८ मा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क प्राप्त हुने व्यवस्था भएको र सोको नतिजालाई अनुदान वितरणमा आबद्ध गरिएको हुँदा आ.व. २०८२/०८३ को स्वमूल्याङ्कन यथाशिघ्र सम्पन्न गरी प्रणालीमा पेश गर्नुहुन तथा चालु आ.व. २०८३/०८४ को स्वमूल्याङ्कन समेत तोकिएबमोजिम निरन्तर गर्नुहुन अनुरोध छ।

६/२

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थ तथा कार्यार्थः</u>

**श्री प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः** आवश्यक व्यवस्थापन तथा समन्वय गर्नु/गराउनुहुन ।

**श्री सूचना प्रविधि शाखाः** सबै गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।